म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३३८ २०८१ कार्तिक ३० गते शुक्रबार 15 November 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




### बागमतीमा विपद्का कारण उत्पादन घट्ने

# यन्त्रिकीकरणमा कृषकको आकर्षण बढ्दो

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका कृषकहरु अहिले धान भित्र्याउने चटारोमा छन् । कात्तिक पहिलो सातादेखि नै प्रदेशका केही जिल्लामा धान काट्ने क्रम सुरु भएपनि चाडपर्व सकिएसँगै किसानहरुलाई अहिले प्रमुख बालीको रुपमा बर्षे बाली धान भित्र्याउन भ्याई-नभ्याई छ ।

तिहार सकिए लगत्तै ठिक्क काट्ने बेला भएको धान कतै काटेर सकिएको छ भने कतै अझै काट्ने काम चलिरहेको छ । विशेषगरी बागमतीको चितवन, मकवानपुर लगायतका जिल्लामा बढी मात्रामा धान खेती गरिन्छ । तुलनात्मक रुपमा प्रदेशमा धान उत्पादनमा केही वृद्धि भएपनि समग्र उत्पादनमा भने गिरावट आउने अनुमान गरिएको छ । विपद्का कारण यस बर्ष बागमतीमा उत्पादन घट्ने भएको अनुमान कृषि तथा पशुपन्छी विकास मन्त्रालयको रहेको छ ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता सुजन कँडेलले यस वर्ष धान उत्पादन बढ्ने अनुमान गरेको भएपनि बाढी पहिरोले गर्दा उत्पादन घट्न सक्ने बताउनुभयो । बाढी पहिरोले प्रदेशका विभिन्न जिल्लामा लगाइएको धान खेतीमा ठूलो क्षति पुर्‍याएको उहाँको भनाई छ । "बागमती प्रदेशका १३ जिल्लाको एक लाख ११ हजार ३५१ हेक्टर क्षेत्रफलमा धान रोपिएको थियो । बाढी, पहिरोका कारण ५ हजार ५०३ हेक्टर क्षेत्रफलमा लगाइएको धानबाली नष्ट भएको छ । जसले गर्दा उत्पादन घट्ने अनुमान गरिएको छ", प्रवक्ता कँडेलले भन्नुभयो ।

प्रवक्ता कँडेलले प्रदेशको मकवानपुर, नुवाकोट, ललितपुर, काभ्रे, रामेछाप, सिन्धुली, धादिङ लगायतका जिल्लाहरुमा बाढी, पहिरोले सबैभन्दा बढी धानबालीमा क्षति पुर्‍याएको जानकारी दिनुभयो । सबैभन्दा बढी मकवानपुरमा २ हजार ९०२.८३ हेक्टरमा लगाइएको धान खेतीमा क्षति पुगेको छ । यस्तै सिन्धुलीमा ८५५, काभ्रेमा ६०२.१, ललितपुरमा २११.५, नुवाकोटमा १९८.२२५, धादिङमा १८४ र रामेछापमा १५७.५५ हेक्टर क्षेत्रफलमा लगाइएको धान खेतीमा बाढी, पहिरोले क्षति पुर्‍याएको छ ।

प्रवक्ता कँडेलका अनुसार यस वर्ष मकवानपुरको धान रोपाईं हुने कुल २४ हजार २४७ हेक्टर क्षेत्रफलमा शतप्रतिशत धान रोपाईं भएको थियो । सिन्धुलीमा ११ हजार ८८, काभ्रेमा ९ हजार ९४७, ललितपुरमा ४ हजार १६३, नुवाकोटमा ११ हजार १०९, धादिङमा ११ हजार ३१२, र रामेछापमा ७ हजार ८५९ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको थियो ।

प्रदेशका सबैभन्दा बढी धान खेती भएको चितवनमा भने यस बर्ष बाढी, पहिरोले कम क्षति पुर्‍याएको छ । चितवनमा २४ हजार २४७ हेक्टर क्षेत्रफलमा धानखेती भएकोमा ४५ हेक्टर क्षेत्रफलको धानखेतीमा क्षति पुगेको छ । ३ हजार ७१९ हेक्टरमा धानखेती भएको भक्तपुरमा ४९ हेक्टर धानखेती भएको रसुवामा ६.५ र २ हजार ८१४ हेक्टर क्षेत्रफलमा धानखेती भएको दोलखामा ४ हेक्टर क्षेत्रफलको धानखेतीमा क्षति पुगेको छ । यस्तै ८ हजार ५७३ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको सिन्धुपाल्चोक जिल्लामा भने बाढी, पहिरोले क्षति नपुर्‍याएको मन्त्रालयका प्रवक्ता कँडेलले जानकारी दिनुभयो ।

## यन्त्रिकीकरणमा कृषकको आकर्षण बढ्दो

बागमतीका कृषकहरुमा यन्त्रिकीकरणतर्फ आकर्षण बढ्दो क्रममा रहेको छ । धान भित्र्याउने क्रम चलिरहेका बेला बागमतीका अधिकांश कृषकहरु यन्त्र, उपकरणको प्रयोग गरेर काम गरिरहेका छन् । कृषकहरु धान काट्नदेखि चुट्न तथा उत्पादित धानलाई भण्डारणका लागि पनि यन्त्र/उपकरणको प्रयोग गर्दै आएका छन् । कृषकहरु धान काट्न रिपर (हाते मेसिन), चुट्न तथा प्याकिङका लागि थ्रेसरको प्रयोग गर्ने गरेका छन् भने ढुवानीका लागि ट्याक्टरको प्रयोग गर्ने गरेका छन् ।

विगतमा मजदुर खोजेर धान काट्ने तथा चुट्ने काम गर्ने कृषकहरु अहिले धान काट्ने मेसिन (रिपर) को सहयोगमा बिघौं क्षेत्रफलमा लगाएको धान काट्छन् । हप्तौं लगाएर काट्नु तथा चुट्नु पर्ने धान अहिले केही घण्टामै गर्न सकिने भएकाले कृषकहरुको आकर्षण यन्त्रिकीकरणतर्फ बढेको देखिन्छ । पाकेर पहेँलै भएको धान काट्न मेसिनको प्रयोगले छिटो र सजिलो भएको कृषकहरुको भनाई छ ।

हेटौंडा-१७ रानीखोलाका सुशील दाहाल तिहार अघि काटेको धान थ्रेसर लगाएर भित्र्याउन व्यस्त हुनुहुन्छ । उहाँले १३ कठ्ठामा लगाउनु भएको धान काटेर थन्काइसक्नुभएको छ । विगतमा धान काट्न र भित्र्याउन खेतालाको प्रयोग गर्दा भित्र्याउन मात्र ३/४ दिन लाग्ने गरेको उहाँको अनुभव छ । अहिले मेसिनको प्रयोगबाट एकै दिनमा धान सबै काम पूरा हुने गरेको उहाँले बताउनुभयो । विगतामा धान भित्र्याउन खेताला नहुँदा तराईबाट झिकाउनु पर्ने बाध्यता रहँदै आएकोमा मेसिनको प्रयोगले सो अवस्था नरहेको उहाँको भनाई छ ।

मकवानपुरको फाँट गुरौ खोलामा मेसिनले धान काटिरहेका अर्का किसान विकास श्रेष्ठले मेसिनको प्रयोगले काम गर्न निकै सहज भएको बताउनुभयो । नयाँ प्रविधिको प्रयोग कृषकहरुको काम छिट्टो र सहज बनाएको उहाँले बताउनुभयो । मेसिनको प्रयोगले कृषकहरुको खर्चभार पनि कम गरेको उहाँले बताउनुभयो । खेताला लगाएर काम गर्दा ज्याला, खाजा खर्च बढी हुनुको सार्थ समय पनि बढी लाग्ने गरेको उनको भनाई छ । मेसिनको प्रयोगले कम जनशक्तिमा धेरै काम गर्न र खाजा खर्च जोगाउन सकिएको उहाँले जानकारी दिनुभएको छ ।

# बारा जिल्लामा आँखा अस्पताल सञ्चालन



*बारा जिल्लाको निजगढ नगरपालिकामा सञ्चालनमा आएको सामुदायिक आँखा अस्पताल ।*

समाज संवाददाता

हेटौँडाः बारा जिल्लाको निजगढ नगरपालिकामा आँखा अस्पताल सञ्चालनमा आएको छ । निजगढ नगरपालिका-१२ मा तयार भएको आँखा अस्पतालको मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले बुधबार उद्घाटन गर्नुभयो । निजगढ नगरपालिकाले उपलब्ध गराएको १० कठ्ठा जमिनमा करिब १९ करोड लागतमा आँखा अस्पताल निर्माण गरिएको हेटौँडा सामुदायिक आँखा अस्पतालका प्रबन्धक सुधीर श्रेष्ठले जानकारी दिनुभएको छ ।

आँखा अस्पतालको उद्घाटन कार्यक्रममा डा. सन्दुक रुईतको पनि उपस्थिति रहेको थियो । अष्ट्रेलियाको फ्रेड होलोज फाउण्डेशनको सहयोगमा २ वर्षको अवधीमा तयार भएको निजगढ आँखा अस्पतालमा वरिष्ठ नेत्र स्वास्थ्य विशेषज्ञको नेतृत्वमा आकस्मिक र बहिरंग सेवाका साथै शल्यक्रिया सेवा समेत प्रदान गरिने प्रबन्धक श्रेष्ठले बताउनुभएको छ । अस्पतालमा चश्मा र औषधी विक्री गरिने उहाँले बताउनुभयो । अनौपचारिक रुपमा सेवा सुरु गरेकको आँखा अस्पतालमा करिब ४ हजार ५ सय जनाले बहिरंग सेवा लिएका र ३ सय २४ जनाले आँखाको शल्यक्रिया गराइसकेको उहाँले बताउनुभयो ।

मधेश प्रदेशमा आँखाका रोगीको संख्या उल्लेख्य रहेकाले निजगढलाई उपयुक्त स्थान मानेर हेटौंडाको सामुदायिक आँखा अस्पतालकै ढाँचामा अस्पताल निर्माण गरिएको उहाँले बताउनुभयो । अस्पतालको भवन र आवश्यक उपकरण खरिद तथा जडानसमेत गरी कुल १९ करोड रुपैयाँ खर्च भएको प्रबन्धक श्रेष्ठले जानकारी दिनुभएको छ ।

# गोलभैँडाको मूल्य घट्यो

समाज संवाददाता

हेटौँडाः हेटौँडाको तरकारी बजारमा बिहिबार गोलभैँडाको मूल्य घटेको छ । थोक बजारमा बुधबार प्रतिकेजी १२० रुपैयाँमा बिक्रि भएको गोलभैँडा बिहिबार प्रतिकेजी ४० रुपैयाँसम्म घटेको छ । तरकारी व्यवसायी बद्रि घिमिरेले बिहिबार गोलभँडा प्रतिकेजी ८० देखि ९० रुपैयाँमा बिक्रि भइरहेको बताउनुभयो । त्यसैगरी रायोको साग पनि मुठामा ५ रुपैयाँ घटेर प्रतिमुठा २५ रुपैयाँमा बिक्रि भइरहेको घिमिरेले बताउनुभयो ।

अन्य तरकारी भने बुधबारकै मूल्यमा बिक्री भइरहेको छ । बुधबार थोक बजारमा काउली प्रतिकेजी १२० रुपैयाँ, बन्दा ५०, मकै र तने बोडी ५०, करेला १००, हरियो खुर्सानी १०० र हरियो धनियाँ ७० रुपैयाँसम्म बिक्री भएको थियो । यस्तै नयाँ आलु ७५ र पुरानो आलु ५५ रुपैयाँ प्रतिकेजीमा बिक्री भइरहेको छ ।

# लागूऔषध गाँजासहित २ जना पक्राउ




*गाँजासहित पक्राउ परेका स्याङ्तान र प्रजालाई सार्वजनिक गर्दै प्रहरी ।*

समाज संवाददाता

हेटौँडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले गाँजासहित २ जनालाई हेटौँडाबाट पक्राउ गरेको छ । बिहिबार बिहान ६ बजेर १० मिनेटको समयमा ३१ किलो १ सय २० ग्राम गाँजासहित २ जनालाई प्रहरीले पक्राउ गरेको हो ।

हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट प्रहरीले मनहरीबाट पथलैयातर्फ जाँदै गरेको ना १ ह ८३२४ नम्बरको अटोलाई रोकी सुरक्षा जाँच गर्दा गाँजा बरामद गरेको हो । प्रहरीले गाँजासँगै अटो चालक मनहरी गाउँपालिका-७, पेन्चेका ३३ बर्षीय शंकर स्याङ्तान र आटोमा सवार ४० बर्षीय रामशरण प्रजालाई नियन्त्रणमा लिएको छ । लागूऔषधसहित पक्राउ परेका स्याङ्तान र प्रजासहित अटो नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।



## सम्पादकीय

# थरि-थरिका सय दिन

नेपाली काँग्रेसका नेता बहादुर सिंह लामा बागमती प्रदेशको मुख्यमन्त्री नियुक्त हुनुभएको मितिले एक सय दिन पुगेको सन्दर्भमा मुख्यमन्त्री लामाले झण्डै दुई साता ढिलो गरी एक सय दिनको उपलब्धी बुधबार सार्वजनिक गर्नुभयो । मुख्यमन्त्रीसँगै मन्त्रीहरुले पनि आआफ्नो मन्त्रालयमार्फत भएका कामको प्रगति विवरण प्रस्तुत गर्न भ्याएका छन् । एक सय दिनको प्रगति प्रस्तुत गर्ने पनि आआफ्ना शैली देखियो । मुख्यमन्त्रीले मन्त्रीहरु राखेर अटसमटस गरेर प्रगति विवरण प्रस्तुत गर्नुभयो भने केही मन्त्रिले कर्मचारीमार्फत समाचार लेखाएर आफ्नो प्रगति विवरण सार्वजनिक गर्न भ्याए ।

सामान्यतया नयाँ सरकार गठन हुनु भनेको नयाँ कामको थालनी गर्नु हो भन्ने बुझाईका आधारमा सुरुवाती एक सय दिनमा सरकारले गरेको कामका आधारमा त्यो सरकारको कार्यकाल कस्तो हुन्छ भनी मूल्यांकनको अवसर समेत हुनेछ । अझ भन्ने हो भने सरकारको नेतृत्व गरिरहेका मुख्यमन्त्रीले नै आफ्नो सुरुवाती एक सय दिनको उपलब्धीलाई गौरवका साथ प्रस्तुत गर्दै बाँकी अवधि पनि प्रभावशाली हुने सन्देश आम नागरिकमा प्रस्तुत गर्ने अवसरको रुपमा लिने गरिन्छ । अवधारणा र अभ्यास उस्तै हुन कठिन हुन्छ । तसर्थ एक सय दिन सरकारको कामको विषयलाई लिएर समीक्षा हुनु जरुरी छ ।

राजनीतिशास्त्री कृष्ण खनालले त एक सय दिन निर्वाचनबाट निर्वाचित सरकारको सन्दर्भमा मात्रै लागु हुने बताउनुहुन्छ । संघीय सरकारको एक सय दिनको कार्य प्रगति सार्वजनिक हुँदै गर्दा सञ्चारकर्मीसँगको कुराकानीमा राजनीतिशास्त्री खनालले ताजा जनमतबाट गठन भएको सरकारको सन्दर्भमा मात्रै एक सय दिनको अर्थ हुने दावी गर्नुहुन्छ । गणितीय लाभ हानीका आधारमा परिवर्तन भइरहने सरकारको एक सय दिनको अर्थ नहुने खनालको स्पष्टोक्ति छ । यस्तो सन्दर्भमा एक सय दिनको उपलब्धीको चर्चाको औचित्य के होला ?

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले आफ्नो एक सय दिन एकजना बिना विभागीय मन्त्रीसहित बिताउनुभयो । मुख्यमन्त्री लामाको एक सय दिनको यो भन्दा ठूलो अर्को के उपलब्धी हुन सक्ला ? राजनीतिमा आफ्नो दल र समूहको स्वार्थका लागि बिना विभागीय मन्त्री एक सय दिनको अवधिसम्म कायमै राख्नु, एक सय दिन पूरा भए लगत्तै तिनै बिना विभागीय मन्त्रीलाई पद दिलाउन मन्त्रालय फुटाउने निर्णय गर्नु जनमतको उच्च सम्मान गर्ने उपलब्धी नै त होला नि । मुख्यमन्त्री, प्रधानमन्त्रीले आफू नेतृत्वको सरकारले गरेको कामको समष्टी र प्रमुख विषय सार्वजनिक गर्नु हो । तर, यहाँ त घरमुलीले घरको प्रगति प्रस्तुत गरेपछि ढोका, झ्याल, बार्दली, करेसा, गोठमा रहने सबैले आआफ्ना प्रगति विवरण प्रस्तुत गर्नु कत्तिको औचित्यपूर्ण रहला ?

सरकारले जनताको काम गर्ने आँट नै गर्न सकेको छैन । अहिले त नेता, कार्यकर्ताको नभई लाभ दिने नेता र कार्यकर्ताकै काम गरेर नसकिने अवस्थामा आम जनताको काम गर्ने अवस्था न मन्त्रीको छ न मन्त्रीको कामको मूल्यांकन गर्ने अवस्था जनताको छ । एक सय दिन होइन हरेक दिनलाई प्रभावकारी र उपलब्धीमूलक बनाउन जिम्मेवार हुने अठोट मुख्यमन्त्री, मन्त्री, प्रमुख सचिव, सचिवसँगै जिम्मेवार सबै तहकाले जिम्मेवार भएर काम गर्नु जरुरी छ । प्रगति विवरण चैं आफैंले बोल्नु भन्दा आम नागरिकबाट स्वत:स्फूर्त प्राप्त हुने अवस्था सिर्जना गर्न सक्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : प्रयाससाध्य समय योग रहेको देखिन्छ । |
| वृष | : नोकरी र व्यवसायिक कर्ममा सुधार आउला । |
| मिथुन | : धार्मिक एवम् सामाजिक दायित्वमा वृद्धि हुनेछ । |
| कर्कट | : जिद्धीपन बढेपनि साहित्यक क्षेत्रमा मन जाला । |
| सिंह | : धार्मिक एवम् सामाजिक कृत्यमा सरिक भइने छ । |
| कन्या | : कारोबारप्रति सचेतता अपनाउँदा राम्रो हुन्छ । |
| तुला | : आर्थिक सङ्कटले सताउने समय योग छ । |
| वृश्चिक | : खर्चमा अचानक वृद्धि हुने समय योग छ । |
| धनु | : चिताएका कामहरु सम्पादन हुने समय योग छ । |
| मकर | : बोली र व्यवहारमा नम्रता कायम गर्नुपर्ला । |
| कुम्भ | : उत्साह र शरीरमा स्फूर्तिको उदय हुने समय छ । |
| मीन | : धार्मिक एवम् सामाजिक काममा सरिक हुने समय रहेको छ । |

# कृषि अनुदानबारे बहस जरुरी



✍पदम भण्डारी

अधिकांश देशमा कृषि पेसामा संलग्न मानिस प्राय: सबैभन्दा बढी मेहनत गर्ने तर कम आय हुने मानिसहरू हुन् । यो नियम विश्वका विकसित देशहरूमा पनि लागू हुन्छ। एक मौसममा मौसमको ढाँचा सूक्ष्म रूपमा परिवर्तन भयो भने किसानले सम्पूर्ण बाली गुमाउन सक्छन् । यसको मतलब तिनीहरू ठूलो जोखिममा हुन्छन् र हातमुख जोर्न धौधौ हुने अवस्थामा पुग्छन् । विश्वव्यापी खाद्य आपूर्तिका लागि किसान र कृषि कर्मको भूमिका महत्वपूर्ण छ। मौसम परिवर्तनका कारण हुने जोखिम न्यूनीकरण गर्न धेरै देशले तिनीहरूको सुरक्षाका लागि कृषि अनुदान प्रदान गर्छन् ।

उपलब्ध कृषि अनुदानमा परिस्थितिअनुसार नगद, जिन्सी जस्तै– बीउ, मल, कृषि उपकरणका साथै प्राविधिक सहायता र शैक्षिक परामर्शसमेत समावेश हुन्छ। आज उपलब्ध धेरै अनुदान अमेरिकी राष्ट्रपति फ्यांकलिन डी. रुजवेल्टको प्रशासनद्वारा जारी कानुनको ढाँचामा आधारित छन् ।

कृषि अनुदानका फाइदाको पक्षमा वकालत गर्नेहरूले कृषि अनुदानले किसानलाई उनीहरूले गर्ने काममा अझ प्रभावकारी र कुशल हुन अनुमति दिन्छ, यसले उनीहरूलाई कृषि उत्पादन उत्पादन गर्न आवश्यक कृषि उपकरण किन्न वा वित्तपोषण गर्ने अवसर दिन्छ, तिनीहरूले आधुनिक प्रविधिका साथ आफ्नो खेती बढाउन अनुदान प्रयोग गर्न सक्छन्, आफ्नो फार्ममा उत्पादित वस्तुलाई नयाँ बजारमा लैजान प्रयोग गर्न सकिन्छ, अर्थतन्त्र जतिसुकै खराब किन नहोस्, कृषि अनुदानले किसान र कृषिजन्य उद्योगका कामदारको स्थिर आम्दानी सुनिश्चित गर्न सम्भव बनाउँछ जस्ता तर्कहरु पेस गर्छन् । त्यसैगरी प्राकृतिक प्रकोपका साथै विभिन्न कारणले हुने क्षतिको भयबाट किसानलाई मुक्त गराउन अनुदानले ठूलो भूमिका खेल्छ भनेर तर्क गर्छन् ।

कृषि उद्योगले माग र आपूर्तिको एउटै नियममा काम गर्दैन। कृषि उत्पादन धेरै उपलब्ध छ भने थप खाद्यान्न उपलब्धता हुन्छ, स्थानीय रुपमा प्रयोग गर्न सकिनेभन्दा बढी उत्पादन भयो भने कृषि उत्पादनलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा पठाउन सकिन्छ । जहाँ अनुदान प्रभावकारी छन् त्यहाँ थप कृषि उत्पादन, थप रोजगारी र राज्यका लागि थप राजस्व उपलब्ध हुन्छ। कृषि अनुदानले खाद्यान्न आयात गर्नुपर्ने अवस्था कम गर्छ। यसले अर्को देशसँगको परनिर्भरता हटाउँछ ।

कृषि यस्तो पेसा हो, जुन असुविधाजनक, थकाइपूर्ण र चुनौतीपूर्ण कामले भरिएको छ । बढ्दो विश्वव्यापी जनसंख्याले सन् २०५० सम्म झन्डै १० अर्ब मानिसलाई असर गर्न सक्छ। त्यसैले खाद्य पूर्वाधारहरूको आवश्यकता अति नै महत्वपूर्ण छ । जब देशमा खाद्यान्न पूर्वाधारको अभाव हुन्छ, उनीहरुले आफ्नो खाद्यान्न अरु देशबाट आयात गर्नुपर्छ, जसको अर्थ खाद्य असुरक्षा रोकथामको शतप्रतिशत ग्यारेन्टी हुँदैन भन्ने देखाउँछ । सिंगापुर यसको एउटा उदाहरण हो । सिंगापुरका स्थानीय फार्मले देशले दैनिक उपभोग गर्ने तरकारीको ८ प्रतिशत, माछाको ८ प्रतिशत र अन्डा २६ प्रतिशत मात्र उत्पादन गर्छन्। देशमा खाने खानाको ९० प्रतिशतभन्दा बढी अरू मुलुकबाट आयात हुन्छ ।

संयुक्त राज्य अमेरिकामा उपलब्ध केही कृषि अनुदान किसानलाई उनीहरूको जमिन एक वा दुई वर्षसम्म खाली रहन प्रोत्साहन दिन प्रयोग गरिन्छ । यो खाली ठाउँले माटोलाई पुनर्स्थापित गर्न अनुमति दिन्छ, सही समय हुँदा रोपणको लागि थप कुशल बनाउँछ । यो नीति अभ्यास गर्ने किसानले आफ्नो खेती गुमाउने खतरा बिनाआम्दानी प्राप्त गर्न सक्छन्, किनभने तिनको जग्गाले पनि आराम गर्नु आवश्यक छ।

सरकारले कुन उत्पादनमा अनुदान उपलब्ध गराउँछ र कुनमा नपाउने भन्ने नियन्त्रण गर्छ । संयुक्त राज्य अमेरिकामा मकै, गहुँ, कपास, चामल वा भटमासको ठूलो उत्पादन गर्ने हो भने सरकारले सबैभन्दा धेरै अनुदान त्यसैमा उपलब्ध गराउँछ ।

जसरी अरू पेसा गर्नेले सरकारलाई आयकर बुझाउनुपर्छ, कृषि व्यवसाय गर्नेले कर तिर्नु पर्दैन। खेतीबाट हुने आम्दानीमा अन्य उद्योगको तुलनामा कम कर लगाइन्छ, किनभने कृषिलाई कर प्रयोजनका लागि मूल्यांकन गरिँदैन । कृषिमा घाटा हुँदा अनुदानले भरथेग गर्छ भने नाफा हुँदा पनि अरु पेसामा जस्तो धेरै कर तिर्नु पर्दैन ।

कृषि अनुदानका बेफाइदा पनि छन् भनेर तर्क गर्नेहरूले विभिन्न दृष्टिकोणबाट हेर्ने गरेका छन्। उनीहरु अनुदान सामान्यतया किसानलाई कृषि उत्पादन बढाउन, लागत घटाउन र राष्ट्रिय खाद्य सुरक्षा सुनिश्चित गर्न सहयोग पुर्‍याउने नाममा आर्थिक र वातावरणीय पक्षमा नकारात्मक प्रभाव पार्ने गरेको तर्क पेस गर्छन् । सरकारले कृषि अनुदानमा धेरै आर्थिक लगानी गर्नुपर्छ । यसले दीर्घकालमा अन्य क्षेत्रका लागि आर्थिक भार बढाउँछ ।

अधिक अनुदानले मल, विषादी र अन्य रसायनको अधिक प्रयोग गराउँछ, जसले माटोको उर्वराशक्ति र वातावरणलाई हानि पुर्‍याउँछ । यसले जैविक विविधता र प्राकृतिक स्रोतको सन्तुलनमा असर पार्छ । लगातार अनुदानको भरमा रहनाले किसानको परनिर्भरता बढ्छ। जब अनुदान हटाइन्छ वा कम गरिन्छ, तिनीहरूको उत्पादन र आयमा ठूलो असर पर्छ । केही अवस्थामा अनुदानले ठूला किसानलाई मात्र फाइदा पुर्‍याउँछ, यसले गर्दा साना र गरिब किसान अनुदानबाट बाहिरै रहन्छन् । यसले सामाजिक असमानता बढाउँछ । अनुदानले बजारमा प्रतिस्पर्धा घटाउँछ, जसले आयातमा निर्भरता बढाउँछ। यसले स्थानीय उद्योग र उत्पादकको क्षमतामा नकारात्मक प्रभाव पार्छ ।

खेती एक जोखिमपूर्ण पेसा हो । यसलाई पछ्याउन यस प्रकारको सहायता व्यापक र अर्थपूर्ण हुनुपर्छ। अर्कातर्फ पहिले नै नाफा कमाउने कृषि कार्यक्रममा अनुदान दिनुको सट्टा आवश्यकता भएकालाई अनुदान उपलब्ध गराउनुपर्छ। तर, धेरैजसो देशमा त्यस्तो भएको पाइँदैन । नेपालको परिप्रेक्ष्यमा कुनै किसानले अर्काको जमिन भाडामा लिएर खेती गर्छ भने उसले अनुदान पाउँदैन। अनुदान पाउनका लागि किसानको आफ्नो जमिन हुनुपर्छ । यसले वास्तविक किसानले भन्दा जग्गा धनीले अनुदान पाउने जस्तो देखियो, अर्थात् वास्तविक किसानले अनुदान पाउँदैनन्, जग्गाधनीले पाउँछन् । नेपालमा प्रस्ताव गरिएका केही अनुदान आर्थिक आवश्यकतासँग भन्दा राजनीतिसँग बढी सम्बन्धित छन्। वास्तविक किसानले हालको बजार मागअनुरुप बिक्री हुने बाली उत्पादन गर्न अनुदान प्राप्त गर्न सक्छन् । तर, त्यसको कुनै लेखाजोखा नगरी अनुदानको योजना गरिएको हुन्छ ।

नेपालमा कृषि अनुदानको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण छ र यस क्षेत्रमा केही बेथिति देखिएका छन् । यी समस्या अनुदानको वास्तविक लाभ किसानसम्म पुग्न बाधक बनेका छन् । अनुदान वितरणमा अनियमितता र भ्रष्टाचार एउटा ठूलो समस्या बनेको छ। सरकारी अधिकारी, स्थानीय नेता र ठूला किसानबीचको मिलेमतोका कारण अनुदान साना र गरिबभन्दा सम्पन्न वा नक्कली किसानमा बढी केन्द्रित हुने गरेको छ । यसले वास्तविक लाभको उद्देश्यमा बाधा पुर्‍याउँछ । कृषि अनुदान पाउनका लागि जटिल प्रक्रिया र धेरै कागजी कार्य पूरा गर्नुपर्दा किसानलाई कठिनाइ भएको छ। यी प्रक्रिया लामो र ढिला हुने हुँदा किसानले अनुदान पाउन ढिलो गर्छन् र कतिपय अवस्थामा सिजन सकिन लाग्दा मात्र अनुदान उपलब्ध हुन्छ।

वास्तविक आवश्यकता भएका साना किसानमा अनुदानको पहुँच सीमित छ । धेरैजसो अनुदान ठूला किसान वा राजनीतिक पहुँच भएका व्यक्तिसम्म सीमित रहन्छ, जसले गर्दा साना किसान अनुदानबाट वञ्चित हुन्छन् । कतिपय अवस्थामा अनुदान पाएका किसानले त्यसलाई अन्य काममा खर्च गर्छन् वा कृषि कार्यमा प्रयोग गर्दैनन् । उपकरण र मल, बीउजस्ता सामग्रीमा दिइएको अनुदानले वास्तविक उत्पादनमा योगदान नगरेका उदाहरण पनि छन्, जसले गर्दा अनुदानको उद्देश्य पूरा हुन सक्दैन। अनुदानको प्रभावकारिता मूल्यांकन गर्न सरकार वा सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन र मूल्यांकन हुन सकेको छैन । अनुदान पाउने किसानले अनुदानको सही प्रयोग गरे वा नगरेको, उत्पादनमा कस्तो प्रभाव परेको छ भन्ने मूल्यांकन प्रभावकारी ढंगले गरिँदैन, जसले गर्दा अनियमितता र दुरुपयोग बढेको छ।

धेरैजसो किसानमा अनुदानसम्बन्धी जानकारीको कमी छ। ग्रामीण क्षेत्रका किसान अनुदान प्राप्त गर्ने प्रक्रियाबारे जानकार छैनन्, जसले गर्दा उनीहरु अनुदान पाउने अवसर गुमाउँछन् । सरकारका तर्फबाट जनचेतना र जानकारीका कार्यक्रमहरु पर्याप्त छैनन् । अनुदान वितरणमा राजनीतिक हस्तक्षेप र पक्षपातका कारण वास्तविक किसानलाई अनुदान प्राप्त गर्न कठिन हुन्छ। राजनीतिक दबाब र पहुँच भएका व्यक्तिलाई प्राथमिकता दिने चलनका कारण अनुदान कार्यक्रम प्रभावहीन हुने सम्भावना रहन्छ। कृषि अनुदानलाई दीर्घकालीन रणनीति र योजनासँग समन्वय नगर्दा यसको प्रभाव अल्पकालीन मात्र हुन्छ। उत्पादन वृद्धिका लागि दीर्घकालीन नीतिको आवश्यकता भए पनि अनुदान कार्यक्रममा यस्तो सोच नदेखिनाले अनुदानको दीर्घकालीन लाभ उठाउन सकिँदैन ।

नेपालमा कृषि अनुदानको प्रभावकारिता बढाउन अनियमितता हटाई पारदर्शिता, सरल प्रक्रिया, नियमित अनुगमन र दीर्घकालीन योजना आवश्यक छ । यी समस्या समाधान गर्न सकिए किसानले अनुदानको वास्तविक लाभ प्राप्त गरी कृषिक्षेत्रमा दीर्घकालीन सुधार देख्न सकिन्छ । हामीलाई किसान चाहिन्छ । बढ्दो जनसंख्याका लागि स्वस्थ माटो र बलियो खाद्य श्रृंखला पनि चाहिन्छ। यसको मतलब यी तत्वहरूबीचको सन्तुलन हामी सफल हुनका लागि कुनै न कुनै रूपमा हासिल गरिनुपर्छ। कृषि अनुदानले किसानको जीवनस्तरमा सकारात्मक प्रभाव पार्न सक्छ भने केही नकारात्मक प्रभाव पनि हुन्छन् । यी अनुदानलाई दीर्घकालसम्म लाभदायक बनाउनका लागि नीति निर्माताहरुले सावधानीपूर्वक योजना र कार्यान्वयन गर्नुपर्छ, जसले गर्दा आर्थिक, सामाजिक र वातावरणीय सन्तुलन कायम रहोस् ।

*(स्रोत: कारोबारदैनिक)*

# वाह रे डिजिटल नेपाल !



✍रीतेश घिमिरे

पेसाले कम्प्युटर इन्जिनियर म विगत लगभग एक दशकदेखि डिजिटल क्षेत्रमै काम गर्दै आएको छु। सायद यसैले होला 'डिजिटल नेपाल' भन्ने शब्ददेखि नै वाक्क दिक्क लागेको । पात्र म भए पनि सायद मजस्ता हजारौं व्यक्ति जो उच्च शिक्षा वा रोजगारीको खोजीमा बिदेसिएका छन्, ती सबै आम नेपाली नागरिकको प्रतिनिधित्व म र मेरो कथाले गरेको छ।

विसं २०७९ असोजमा सवारी चालक अनुमति पत्रको लागि ट्रायल पास गरेको एक व्यक्ति दुई वर्षपछि २०८१ असोजमा यातायात कार्यालयमा जाँदा कार्यालयका कर्मचारीबाट झर्केको स्वरमा 'यति चाँडै अनुमति पत्र छापिन्छ ?' भन्दै जवाफ पाउँछ । त्यही व्यक्तिले सवारी कर तिर्न दुई महिना ढिला गर्‍यो भने ट्राफिक प्रहरीद्वारा जरिवानामा पर्छ ।

दुई वर्षको अवधिमा पनि चालक अनुमति पत्र छाप्न नसक्ने देशमा, सवारी कर तिर्न दुई महिना ढिला हुँदा भने सवारी धनीलाई जरिवाना लगाइन्छ ।

५ वर्ष अवधि भएको चालक अनुमति पत्र छपाइ गर्न दुई वर्षले पनि नपुगेको देखेपछि चालक अनुमति पत्रका लागि आवेदन दिने प्रक्रियामा आफूले भोगेको सास्ती त खासै केही रहेनछ भन्ने सो व्यक्तिले बल्ल बुझ्छ। अनलाइन फारम भर्न मिल्छ भन्ने थाहा पाए पनि सधैं सर्भरमा समस्या भएपछि यातायात कार्यालय अगाडिकै एउटा फर्म भरिदिने पसलमा अतिरिक्त शुल्क तिरेर अनलाइन फर्म भराएको पनि उसले सम्झन्छ । यी सबै कुरा आफ्नो मानसपटलमा घुमेपछि ऊ केही नबोली यातायात कार्यालयबाट घर फर्कन्छ ।

यता देशको सबैभन्दा पुरानो र ठुलो त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजमा स्नातक तहको अध्ययन पूरा गरेको सोही व्यक्तिलाई उच्च शिक्षाका लागि माइग्रेसन सर्टिफिकेटको आवश्यकता पर्छ । माइग्रेसन लिनको लागि ऊ आवश्यक कागजातसहित बल्खुस्थित त्रिविको परीक्षा शाखामा पुग्छ ।

त्यहाँ जानुअगाडि उसले समाचारमा सुनेको पनि हुन्छ कि माइग्रेसन सर्टिफिकेट लिन अब अनलाइनबाट नै मिल्छ भनेर । इन्टरनेटमा धेरै पटक खोज्दा पनि नभेटेपछि ऊ बल्खु पुगेको हुन्छ। त्यहाँ उसलाई आवश्यक दस्तुर बैंकमा जम्मा गर्न लगाइन्छ र माइग्रेसन लिने फारम भर्न लगाइन्छ । सबै भरेर बुझाइसकेपश्चात् त्यहाँका कर्मचारीले रुखो स्वरमा भन्छन्, 'तपाईंको त्रिवि रजिस्ट्रेसन नम्बर मिलेको छैन, तपाईंको स्नातक तहको सबै सर्टिफिकेट (मार्कसिट, ओरिजिनल, क्यारेक्टर) फेरि बनाउनुपर्छ ।'

८ वर्षअगाडि स्नातक तह उत्तीर्ण गरेको त्यस व्यक्तिलाई त्यति बेला त्रिविले नै छाप लगाएर दिएको सर्टिफिकेट यस बेला त्रिविले नै मिलेन भनेको सुन्दा अचम्म लाग्छ। ८ वर्षअगाडि तिरिसकेका दस्तुरहरु पुन: तिरेर सबै सर्टिफिकेट नयाँ बनाउनुपर्छ भन्ने कुरा त्रिविका कर्मचारीले भनेको सुनेपछि उसको पारो तात्छ ।

कसैलाई नागरिकता दिएको ८ वर्षपछि जिल्ला प्रशासन कार्यालयले 'यो नागरिकताको नम्बर मिलेको छैन, नयाँ नम्बरको नागरिकता लिनुपर्छ' भन्नु र त्रिविले आफैंले दिएका सर्टिफिकेटहरु गलत भएकाले अब नयाँ लिनुपर्छ भन्नु एउटै कुरा हो भन्ने उसले सोच्छ । पक्कै पनि उसले ८ वर्षअगाडि पाएका सर्टिफिकेटहरू धेरै ठाउँमा प्रयोग गरिसकेको थियो । त्यसैले फेरि नयाँ सर्टिफिकेट बनाएर सबै ठाउँमा अपडेट गर्ने पक्षमा ऊ थिएन । अब माइग्रेसन सर्टिफिकेट नै नलिने निर्णय गरेर त्यहाँ पनि केही नबोली त्रिवि कार्यालयबाट ऊ घर फर्कन्छ ।

...बाँकी पृष्ठ ३ मा

# "विद्यार्थीको क्षमता अनुसारको शिक्षा प्रदान गर्नु नै शिक्षकको कर्तव्य हो"

शैक्षिक सुधारका लागि अभिभावक जिम्मेवार र शिक्षक कर्तव्यनिष्ठ हुन जरुरी छ । शैक्षिक सुधारका लागि अभिभावको भूमिका र उपस्थितिलाई प्रोत्साहित गर्ने वातावरण छैन । व्यवस्थापन समितिमा अभिभावकको प्रतिनिधित्व रहे पनि त्यो व्यवस्थापन समिति हत्याउने प्रयासमा मात्रै सीमित देखिन्छ । अभिभावकलाई जिम्मेवार बनाएर विद्यार्थीको सहयोगी, साथी बन्न प्रेरित गर्ने हो भने शिक्षामा उल्लेखनीय सुधारमा अभिभावकको प्रभावकारी भूमिका रहन सक्ने थियो । नियमित बालबालिका विद्यालय उपस्थित भए, नभएको जनाकारी लिने र बेला-बेला शिक्षक समक्ष बालबालिकाका व्यवहार बुझ्ने गर्नुपर्छ । पेशाले शिक्षक नै भए पनि हेटौंडा-५, पिप्लेस्थित बालज्योति माविका अभिभावक कृष्णप्रसाद पौडेलसँग समृद्ध समाज दैनिकका लागि सुप्रभा शर्माले गर्नुभएको कुराकानीको सम्पादित अंश:



कृष्णप्रसाद पौडेल, अभिभावक
बालज्योति माध्यमिक विद्यालय
हेटौंडा-५, पिप्ले

**समाजः चाडपर्वको बिदाको समयमा विद्यार्थीहरु घरमै रहँदा उनीहरुले के कस्ता कार्य गरे ?**

**पौडेलः** विद्यार्थी घरमा रहेका बेला विद्यालयले दिएको गृहकार्यहरु गरे । अतिरिक्त किताबहरु पढ्ने जस्ता कार्यका साथै विभिन्न स्थानको भ्रमण गर्ने, त्यसैगरी अभिभावकहरुले विद्यार्थीलाई आफन्तकोमा लैजाने गरेको देखियो । चाडपर्वको महत्व बुझाउनुका साथ साथै सामाजिकीकरणमा पनि जोड दिनुपर्ने आवश्यक देखिन्छ ।

**समाजः विद्यार्थी घरमा रहेको बेला पढाइको भन्दा पनि मनोरञ्जनमा व्यस्त हुने गरेको भेटिन्छ । यसलाई अभिभावकले कसरी हेर्नु पर्छ ?**

**पौडेलः** विद्यालयका शिक्षक, अभिभावक र विद्यार्थी तीनै पक्ष जिम्मेवार हुन पर्छ । अभिभावकले विद्यालय पठाएका छौं भन्ने मात्र पनि हुनु भएन । घरमा आएर कतिको पढाई गरेको छ, के कुरा हेरिरहेको छ भन्ने पनि ख्याल राख्नु पर्छ । नबुझेको कुरा के छ सोध्नु पर्छ र सिकाउनु पनि पर्छ ।

**समाजः अभिभावकले बालबालिकालाई कडाई गर्ने गरेको गुनासा पनि हुन्छन् । अभिभावकले बालबालिकासँग कस्तो व्यवहार गर्नु पर्छ ?**

**पौडेलः** अभिभावक एकातर्फ बालबालिका एकातर्फ मोबाइल हेर्ने जस्ता कार्य गर्नु भएन । अभिभावकले बालबालिकालाई समय दिनु पर्‍यो । आफु पनि त्यो उमेर पार गरेर आएको हो । उनिहरुलाई सँगै राखेर सही, गलत सिकाउने सम्झाउने गर्नुपर्छ । बालबालिकाहरुले पनि अभिभावकले भन्नु भएको सकारात्मक कुरा बुझ्नु पर्छ ।

**समाजः अभिभावकको विद्यालयमा कस्तो जिम्मेवारी हुन्छ ? विद्यार्थीको विषयमा शिक्षकहरु मार्फत बुझ्ने कुरा कस्तो र हुन्छ ?**

**पौडेलः** हामीले सक्छौं भने विद्यालयमा नियमित जानु पर्‍यो । नभ्याउने भए शिक्षक मार्फत आफ्ना बालबालिका विद्यालय उपस्थित भएको छ, छैन निगरानी राख्नु पर्छ । कतिपय विद्यार्थी घरबाट विद्यालय जाने भनेर निस्के पनि विद्यालय नगएको गतिविधि भेटिन्छन् । त्यसैले नियमित बुझ्नु पर्छ । परीक्षाहरुमा पनि कस्तो प्रस्तुती छ नतीजाको समयमा विद्यालय गएर बुझ्न पर्छ । उसको विद्यालयमा गर्ने व्यवहार शिक्षकसँग बुझ्ने गरे जिम्मेवार अभिभावक भइन्छ ।

**समाजः तपाई भीमफेदी गाउँपालिकास्थित एक विद्यालयको शिक्षक पनि हुनुहुन्छ । त्यहाँका अभिभावक र यहाँका अभिभावकमा कस्तो भिन्नता पाउनु भएको छ ?**

**पौडेलः** मैले पढाउने विद्यालय रहेको स्थानको भौगोलिक बनोटले यहाँ अर्थात हेटौंडा-५, पिप्लेको भन्दा दुर्गम भन्ने जनाउँछ । अभिभावकहरुको समय व्यस्तता पनि हेर्नु पर्छ । तुलनात्मक रुपमा ग्रामिण क्षेत्रका अभिभावकहरु धेरै शिक्षित पनि हुनुहुन्न । विद्यालयमा वार्षिक परीक्षाको नतिजा प्रकाशन भएपछि मात्र किन बालबालिकाको अंक कम आयो भन्न आउनुहुन्छ । सहरी क्षेत्रमा अभिभावक नियमित विद्यालय जाने, नभए शिक्षकहरुसँग सम्पर्क राख्ने गर्नुहुन्छ । समय र शिक्षाको कमिले हो कि भन्ने पनि कुरा रहन्छ ।

**समाजः यस्तो समस्याको समाधानका लागि विद्यालयले के गर्नुपर्छ ?**

**पौडेलः** विद्यालयले अभिभावकको रुचि बढाउन मासिक रुपमा छलफल राख्नु पर्छ । जहाँ विद्यार्थीको प्रस्तुती कस्तो छ भन्ने बताउनु पर्छ । अभिभावकलाई जिम्मेवारी के हो बुझाउनु पर्छ र शिक्षाको महत्वबारे जानकारी गराउनु पर्छ ।

**समाजः तपाई शिक्षक पनि हुनुहुन्छ । तपाईंका बालबालिकाले नबुझेको कुरा तपाईंसँग सोध्ने गर्छन् कि गर्दैनन् ? विद्यार्थीसँग पनि कस्तो व्यवहार गर्नुहुन्छ ?**

**पौडेलः** सोध्छन् । सिकाउने गरेको छु । विद्यार्थीलाई पनि सिकाउने विषयमा आफ्नै बालबालिका हो भनी सिकाउने गरेको छु । हरेक शिक्षकले विद्यार्थीलाई बालबालिका आफ्नोसरह मान्नु पर्छ । सबै विद्यार्थी जान्ने हुन्छन् भन्ने हुँदैन । सबैले फरक क्षमता लिएर जन्मेका हुन्छन् । त्यो पनि बुझ्नु पर्छ । विद्यार्थीको क्षमता अनुसारको शिक्षा प्रदान गर्नु नै शिक्षकको कर्तव्य हो ।

**समाजः अभिभावकले विद्यार्थीलाई घरमा के-के गर्न, गराउन सक्छन् ?**

**पौडेलः** अभिभावकले बालबालिकाहरुलाई समय तालिका बनाइदिनु पर्‍यो । उसको दैनिक कार्य के हो, कति समय पढ्ने र कति मनोरञ्जन गर्ने भनी तालिका बनाइदिनुपर्छ । बालबालिकालाई आवश्यक पर्ने सामग्री जुटाउने र अतिरिक्त क्रियाकलापमा सघाउने जस्ता कार्य गर्न जरुरी हुन्छ । यसले बालबालिकालाई असल बनाउन र जिम्मेवार बनाउन सघाउँछ ।

**समाजः विद्यालय प्रशासनको भूमिका कस्तो रहनु पर्छ । विद्यालय पनि कतिको जिम्मेवार हुनु पर्छ ?**

**पौडेलः** विद्यालय प्रशासनको भूमिका महत्वपूर्ण छ । विद्यार्थी र शिक्षकका बारेमा सँगै अभिभावकबाट आएका गुनासा पनि सुन्ने र त्यसमा कार्य गर्ने गर्नुपर्छ । प्रशासन जिम्मेवार बन्ने हो भने सबै पक्ष जिम्मेवार हुन्छ भन्ने लाग्छ ।

# स्थानीय उत्पादन प्रोत्साहन गर्ने प्रदर्शनी



प्रदर्शनीमा राखिएको हस्तकलाका सामग्री ।

समाज संवाददाता

हेटौंडाः स्थानीय उत्पादन प्रोत्साहन गर्ने उद्देश्यले सामुदायिक वन उपभोक्ता समूह र साना मझौला उद्योगका उत्पादनको प्रदर्शनी हेटौंडामा सुरु भएको छ । बिहीबार र शुक्रबार दुईदिन सञ्चालन हुने मेला हेटौंडा-२ स्थित एक होटल परिसरमा सुरु भएको हो ।

हेटौंडा-२ स्थित पल्पसा सदनमा बिहीवार शुरु प्रदर्शनी एलोई प्रालि र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको साझेदारीमा भएको हो । प्रदर्शनीमा मकवानपुर जिल्लाका विभिन्न स्थानका सामुदायिक वन उपभोक्ता समूह र महिला समूहहरुले हस्तकलाका सामग्री, काष्ठकलाका सामग्रीसँगै खाद्यवस्तुका स्टल तथा स्थानीय कृषिसम्बन्धी २ दर्जन स्टल राखेका छन् ।

प्रदर्शनीमा हेटौंडा-४ स्थित जाल्पादेवी महिला उद्यमी केन्द्रका सदस्यहरुले बनाएको मकैको खोस्टाको फुल, गुँदको चोयाको ब्याग र टोपी (ह्याट) ढाकाको साडी र सल, वासकोट, कोट, खादा आदि राखेका छन् । हेटौंडा-१२ स्थित कञ्चनजंघा कृषि सहकारीले उत्पादन गरेको रायोको सागको गुन्द्रुक र अचार, हेटौंडा-१० स्थित एकल महिला केन्द्रले उत्पादन गरेको बाटेको धुप, मास र कर्कलोको मस्यौरा, मुलाको सिन्की, अमला तथा मेथी, जिरा, अमलाको सुकुटी, हरौं बरौं, बिरे नुन, धनिया, मरिच, मुलाको बीउ, धनिया र अकबरे खुर्सानीको मिश्रणले बनेको पाचक लगायतका औषधिजन्य सामग्री प्रदर्शनीमा राखेका छन् ।

हेटौंडा-२ की उद्यमी जानुकी सुवेदीले माटोको चुल्हो, मनहरी गाउँपालिका-४ स्थित वनकरिया बस्तीका महिला समूहले तितेपाती र घ्युकुमारीद्वारा बनाइएको साबुन प्रदर्शनीमा राखेका छन् । चुच्चे खोला सामुदायिक वन उपभोक्ता समूहले सालकको चित्र अंकित फ्रेम लगायत हस्तकलाका सजावटका सामग्री, हेटौंडा-५ स्थित श्रमजीवी महिला काष्ठकला उद्योगबाट उत्पादन भएको दारको ठेकी, फोटो फ्रेम, घण्टी फ्रेम, मायाको चिनो, बुइदल सामुदायिक वन समूहका महिला उद्यमीले धुलो बेसार र चाना बेसार, हेटौंडा-६ रामनगरका सक्रिय महिला उद्योगीहरुले आलुको चिप्स, मुंग, चना, बदाम, बेसन आदिको आफैले बनाएको जैविक दालमोठहरु बिक्री वितरणका लागि राखेका छन् । वन समूहका साथै घरेलु उत्पादनलाई सशक्त बनाउन र दिगो आर्थिक विकास प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनीको आयोजना गरिएको जनाएको छ । प्रदर्शनीमा अवलोकन गर्ने सर्वसाधारणको भने न्यून उपस्थिति रहेको छ ।

# दुर्घटनामा २ जनाको मृत्यु

काभ्रेः काभ्रे जिल्लाको पाँचखाल नगरपालिका-१३, कोसीदेखाको बिलेडाँडामा मिनीट्रक दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । बा २ ख २२०२ को मिनी ट्रक ब्रेक फेल भएर दुर्घटना हुँदा चालक स्थानीय ४० वर्षीय कुमार रोक्का र २७ वर्षीय निकेश रोक्काको मृत्यु भएको प्रहरीले जनाएको छ । पाँचखाल-१३ का वडा अध्यक्ष सुकबीर तामाङका अनुसार बालुवा बोक्ने काम सकेर चालक ट्रक लिएर घरतर्फ फर्किंदै थिए ।

# एकै परिवारका ३ जना मृत भेटिए

काठमाडौं: काठमाडौंको गोकर्णेश्वर नगरपालिका-३, गाम्छामा एकै परिवारका तीन जना मृत अवस्थामा भेटिएका छन् । जिल्ला प्रहरी परिसर, काठमाडौं स्रोतका अनुसार, ३३ वर्षीया सीता मोक्तान, उनकी छोरी अंशु मोक्तान र छोरा दुई महिनाका बालक मृत अवस्थामा भेटिएका हुन् ।

उनका श्रीमान् कान्छा नगरकोटीले श्रीमती र दुई छोराछोरी हराएको भन्दै प्रहरीलाई खबर गरेका थिए । पछि जाँच गर्दा बन्द कोठाभित्र शव भेटिएको प्रहरीले स्रोतले बतायो । अहिले घटनास्थलमा प्रहरी वृत्त, बौद्ध, जिल्ला प्रहरी परिसर, काठमाडौं र उपत्यका अपराध अनुसन्धान कार्यालयको टोली पुगेको छ ।

शवको मुचुल्का भइरहेको छ भने त्रिवि शिक्षण अस्पताल महाराजगञ्जबाट चिकित्सकसहितको टोली समेत घटनास्थलमा पुगेको छ ।

# वाह रे...

अब केही दिनमै त्यस व्यक्तिले अध्ययनका लागि विदेश जान भिसा प्राप्त गर्छ । वैदेशिक अध्ययनका लागि नो अब्जेक्सन लेटरको आवश्यकता पर्ने कुरा हामी सबैलाई थाहा नै छ । सो लेटर लिनको लागि अनलाइनबाट फारम भर्न मिल्छ भन्ने थाहा पाउँछ । उसले अनलाइनबाट नै आवेदन पनि दिन्छ । आवेदन दिएको २-३ दिनमा उसको आवेदन अस्वीकृत हुन्छ ।

सो फारममा माग गरिएका सबै कागजात उसले अनलाइनमार्फत बुझाउँदा पनि आवेदन अस्वीकृत भएपछि डिजिटल नेपालको नागरिक ऊ आफैं कार्यालय पुग्छ । त्यहाँको सोधपुछ शाखामा उसले आफ्नो समस्या राख्छ । त्यहाँका कर्मचारीले 'ए त्यस्तो पो भयो !' भन्दै एकछिन समय लिन्छन् । केही मिनेटको अन्तरालमा उनी भन्छन्, 'अब मिल्यो, आवेदन प्रिन्ट गरेर कोठा नम्बर ६ मा जानुस् ।'

कोठा नम्बर ६ मा गएर उसले आफ्नो नो अब्जेक्सन लेटर लिन्छ । त्यहाँबाट भने ऊ गौरवसाथ आफ्नो घर फर्कन्छ । डिजिटल सुविधाको नाममा करोडौं खर्च गरी नागरिकलाई उल्टो सास्ती दिने राष्ट्र छोडेर उच्च शिक्षाका लागि विदेश जाने सही निर्णय गरेकोमा आफैंलाई मुरी-मुरी धन्यवाद दिन ऊ बाध्य हुन्छ ।

डिजिटल प्रणालीको उद्देश्य भनेको सेवाग्राहीलाई सहज तरिकाले सेवा लिने सुविधा प्रदान गर्नु हो । यदि लाखौं खर्च गरेर बनाइएको डिजिटल प्रणाली सेवाग्राहीको आवश्यकता पूरा गर्न असमर्थ छ भने यसको कुनै अर्थ रहँदैन । अनलाइनमा एउटा फारम भर्न लगाउँदैमा डिजिटल भइँदैन । डिजिटल प्रणाली बनायौं त भन्छौं तर अझै पनि सवारी चालक अनुमति पत्र आवेदनको लागि सोही कार्यालय अगाडिको पसलमा शुल्क तिरेर आवेदन दिन बाध्य छौं हामी । चालक अनुमति पत्रको ट्रायल पास गरेको झन्डै ३ वर्ष बितिसक्दा पनि अनुमति पत्र छाप्न असमर्थ डिजिटल प्रणालीको प्रयोग गरिरहेका छौं हामी ।

अनलाइनमा एउटा फारम भर्न लगाइन्छ अनि त्यो स्वीकृत गराउन चाहिँ सम्बन्धित कार्यालय नै धाउनु पर्छ । आवश्यक विवरण तथा कागजात संलग्न गर्दा पनि स्वीकृत गराउन कार्यालय नै पुग्नुपर्ने बाध्यता छ । देशकै ठूलो र सम्मानित त्रिभुवन विश्वविद्यालयले आफैंले छाप लगाएर दिएको प्रमाणपत्रलाई ८ वर्षपछि मान्यता दिँदैन र नयाँ बनाउन लगाउँछ । यदि डिजिटल प्रणाली चुस्त भएको भए गलत रजिस्ट्रेसन नम्बरको प्रमाणपत्र छापिने अवस्था नै आउने थिएन ।

आजको दिनमा हामी डिजिटलको नाममा अनेक सभा तथा सम्मेलन आयोजना गर्छौं । सभामा त कुरा पनि गर्छौं नेपालले आइटी क्षेत्रमा वार्षिक यति रकम बराबरको सेवा विदेशमा निर्यात पनि गर्‍यो भनेर । विदेशमा निर्यात त गर्‍यौं होला तर हामीले हाम्रै सरकारी निकायहरूको वेबसाइट तथा प्रणालीको गुणस्तर, उपयोगिता र सुरक्षालाई जोड दिएको भने पक्कै पनि देखिँदैन । बेला बखतमा सरकारी सिस्टम तथा वेबसाइट ह्याक भएको त हामीले सुनिरहेका नै छौं । न त नियमित निगरानी नै छ न त यसको उपयोगिताको लेखाजोखा नै छ ।

एउटा वेबसाइट बनाइदियो । त्यसबाट नै फारम पनि भर्न लगाइयो र त्यसपश्चात् भने कार्यालयमै गएर प्राविधिकलाई भेटेर सो फारम स्वीकृत गराई फारम प्रिन्ट गरेर कोठा नम्बर ६ मा जानुपर्ने अवस्था अहिलेको हो । यो अवस्था कुनै एउटा कार्यालयको मात्र होइन । जुनै सरकारी कार्यालयमा पुग्दा पनि देखिने र भोगिने अवस्था यही हो । यातायात कार्यालय, त्रिवि परीक्षा शाखा लगायतका त मैले हालसालै सास्ती खेप्नुपरेको केही कार्यालय हुन् । यी बाहेक मालपोत, नगरपालिका लगायतका अन्य कार्यालय पनि यस्ता समस्याबाट अछुतो छैनन् ।

वैदेशिक रोजगारीका लागि दक्ष जनशक्ति विदेसिने क्रमले देखाएको भयावह परिस्थिति हामी सबै माझ विदित छ । प्रविधि तथा आइटी क्षेत्रमा पनि यो समस्या समान नै छ । डिजिटल सेवालाई अझ उपयोगी बनाउन तथा सेवाग्राहीलाई सहज बनाउन सूचना प्रविधि क्षेत्रका जनशक्तिको विदेश पलायन रोक्न जरुरी देखिन्छ । हामीलाई कार्यालयमा बसेर अनलाइन आवेदन स्वीकृत गर्ने कर्मचारी होइन अनलाइनबाटै आवेदन स्वीकृत वा अस्वीकृत हुने प्रणाली बनाउने प्राविधिकको जरुरी छ ।

नाममा त हामी डिजिटल भयौं । तर कामले पनि डिजिटल भने पक्कै भएका छैनौं । साधारण जनताको हात हातमा फोन तथा इन्टरनेट पुग्यो, सरकार तथा सरकारी कार्यालयमा पनि पुग्यो तर दुर्भाग्यको कुरा यसको उपयोगिता तथा प्रभावकारिता भने अझै शब्दमा मात्र सीमित छ ।

अनलाइनमा एउटा फारम राखिदिने अनि त्यो फारम प्रिन्ट गरेर कोठा नम्बर ६ मा जाने प्रावधान मिलाउँदैमा डिजिटल नेपाल भइँदैन भन्ने मानसिकता जबसम्म हट्दैन, तबसम्म मजस्ता अरु हजारौं-लाखौं नागरिक विदेसिने क्रम पनि रोकिने वाला छैन । *(स्रोत: सेतोपाटी)*

# आजबाट विजुली बंगलादेश निर्यात हुने

काठमाडौं: भारतको केन्द्रीय विद्युत् नियमन आयोग (सीईआरसी) ले नेपाललाई बंगलादेशमा विद्युत् निर्यात गर्न अनुमति दिएको छ । भारतको अनुमतिसँगै शुक्रबारदेखि नेपालको बंगलादेशमा विद्युत् निर्यात हुनेछ । नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता चन्दन घोषले शुक्रबार मध्याह्न १२:४५ बजेबाट ४० मेगावाट विद्युत् निर्यात हुने जानकारी दिए । तर, यो याममा एक दिनमात्र निर्यात हुने उनले बताए ।

यसअघि भारतको सीईआरसीले अनुमति नदिएपछि नेपालबाट बंगलादेश विद्युत् निर्यात योजना अनिश्चित बनेको थियो । नेपालबाट भारतको बाटो हुँदै ४० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्ने विषयमा तीन देशका कम्पनीबीच १७ असोजमा सम्झौता भएको थियो । विद्युत् निर्यात गर्न भारतको सीईआरसीको अनुमति आवश्यक पर्ने सम्झौतामै उल्लेख छ । सुरुमा १६ कात्तिकदेखि विद्युत् निर्यात गर्ने मौखिक सहमति तीन देशका कम्पनीबीच भएको थियो । त्यसबेलासम्म सीईआरसी अनुमति प्राप्त नभएपछि त्यसलाई सारेर २३ कात्तिक शुक्रबारदेखि निर्यात सुरु गर्ने योजना बनेको थियो ।

त्रीदेशीय सम्झौतामा नेपालले १५ जुनदेखि १५ नोभेम्बरसम्म ४० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्ने छ । ऊर्जामन्त्री दीपक खड्काले भारत भ्रमणका बेला बंगलादेश विद्युत् निर्यात अनुमति दिने विषयमा भारतीय विद्युतमन्त्री मनोहरलाल खट्टरसँग छलफल गरेका थिए । त्यस क्रममा १५ नोभेम्बरभित्र नेपालबाट बंगलादेश विद्युत् निर्यात अनुमति प्राप्त हुने आश्वासन प्राप्त भएको थियो । हालसम्म नेपालले भारतको बजारमा मात्रै विद्युत् निर्यात गरिरहेकोमा १७ असोजमा भएको सम्झौतापछि तेस्रो मुलुक निर्यातको बाटो खुलेको थियो ।

नेपाल विद्युत् प्राधिकरणले प्रतियुनिट करिब ८ रुपैयाँ ६४ पैसा (६.४ अमेरिकी सेन्ट) का दरले बंगलादेशलाई विद्युत् निर्यात गर्ने सम्झौतामा उल्लेख छ । बंगलादेश विद्युत् निर्यात गर्दा भारतको एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेड (एनभीभीएन) को प्रसारण लाइन प्रयोग गरेबापत 'ह्विलिङ चार्ज' बंगलादेशी कम्पनीले तिर्ने छ । नेपालबाट निर्यात हुने विद्युतका लागि भारत मुजफरपुरमा मिटर राखिने र त्यसैमा बंगलादेशमा निर्यात भएको विद्युत् रेकर्ड हुने पनि सम्झौतामा छ । त्यहाँसम्मको प्राविधिक नोक्सानी भने प्राधिकरणले नै बेहोर्ने छ ।

मुजफरपुरबाट बंगलादेश सीमाको प्राविधिक नोक्सानी पनि बंगलादेशी पक्षले नै तिर्ने सम्झौता छ । यसअनुसार नेपालले ६.४ सेन्टमा बेच्ने बिजुलीको भाउ बंगलादेश पुग्दा प्रतियुनिट करिब ७.६ सेन्ट पुग्ने अनुमान छ । भारतबाट भने बेहरमपुर (भारत)-भेडामारा (बंगलादेश) ४ सय केभी प्रसारण लाइन हुँदै बंगलादेशले विद्युत् आपूर्ति लिनेछ । हाल भारतको एनभीभीएनबाट बंगलादेशले सोही प्रसारण लाइन हुँदै विद्युत् आयात गरिरहेको छ । नेपालले १० हजार मेगावाट विद्युत भारत र ५ हजार मेगावाट बंगलादेशलाई निर्यात गर्ने लक्ष्य राखेको छ । *स्रोतः अनलाइनखबर ।*

## जेसीज कप फुटबल

# सेमीफाइनल समीकरण पूरा




*म्यान अफ द म्याच मकवानपुरगढीका गोलरक्षक अस्मिर गोङ्बालाई ट्रफी प्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी दोस्रो संस्करणको चैनपूर जेसीज कप फुटबल प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको छ । बिहिबार क्वाटरफाइनल चरणको अन्तिम दुई खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको हो ।

मनहरी गाउँपालिका-४ गोलघर खेलमैदानमा बिहीबार भएको पहिलो क्वार्टरफाइनल खेलमा विजयी हुँदै मनहरी-५ सेमीफाइनलमा प्रवेश गरेको छ भने दोस्रो क्वार्टरफाइनल खेलमा विजयी हुँदै मकवानपुरगढी गाउँपालिकाको जेसीआई मकवानपुरगढी सेमीफाइनलमा प्रवेश गरेको छ । मनहरी-२ लाई १-० गोलअन्तरले हराउँदै मनहरी-५ ले सेमीफाइनलमा आफ्नो स्थान पक्का गरेको हो भने हेटौँडाको पदमपोखरी युनाईटेडलाई टाइब्रेकरमा ५-४ गोलअन्तरले हराउँदै जेसीआई मकवानपुरगढीले सेमीफाइनलमा आफ्नो स्थान पक्का गरेको हो ।

मनहरी-५ को जीतमा निरभ घलानले निर्णायक गोल गरे । मकवानपुरगढी र पदमपोखरीबीचको खेल निर्धारित समय गोलरहित बराबरीमा सकिएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनु परेको थियो । टाइब्रेकरका मकवानपुरगढीका ५ जना खेलाडीले प्रहार गरेको बल गोलमा परिणत हुँदा पदमपोखरीको तर्फबाट ५ जना मध्ये ४ जनाले प्रहार गरेको बल मात्र गोलमा परिणत हुने पुग्यो । पहिलो खेलको म्यान अफ द म्याच मनहरी-५ का निरभ घलान भए भने दोस्रो खेलमा मकवानपुरगढीका गोलरक्षक अस्मिर गोङ्बा म्यान अफ द म्याच घोषित भएका छन् ।

प्रतियोगिता अन्तर्गत शुक्रबार हुने पहिलो सेमीफाइनल खेलमा मकवानपुरगढीले नमोबुद्ध एफसीसँग प्रतिस्पर्धा गर्नुपर्नेछ भने शनिबार हुने सेमीफाइनल खेलमा मनहरी-५ ले परेली एफसीसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतियोगितामा १६ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेताले १ लाख ११ हजार रुपैयाँ १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५१ हजार १ सय ५१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । मनहरी गाउँपालिकाको सहयोग तथा ४ नम्बर वडा कार्यालयको मुख्य प्रयोजनमा प्रतियोगिता सञ्चालन भइरहेको छ ।

# नेपाली महिला क्रिकेट टोलीलाई भव्य स्वागत



काठमाडौंः आईसीसी यू-१९ महिला टी-२० विश्वकप एसिया छनोटको च्याम्पियन बन्दै पहिलो पटक यू-१९ महिला टी-२० विश्वकपमा छनोट भएको नेपाली महिला टोलीलाई भव्य स्वागत गरिएको छ । बिहीबार बेलुका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राखेप सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल क्रिकेट संघ (क्यान) सचिव पारस खड्का पदाधिकारी लगायतले यू-१९ महिला क्रिकेट टोलीलाई स्वागत गरेको हो ।

दुबईमा भएको एसिया छनोटको अन्तिम खेलमा बुधबार घरेलु टोली युएईलाई ८ विकेटले पराजित गर्दै नेपाल शीर्ष स्थानमा रहेर अर्को वर्ष जनवरी-फेब्रुअरीमा मलेसियामा हुने विश्वकपमा छनोट भएको हो। चार टोली सहभागी छनोटमा नेपाल र युएईले समान ५ जितबाट १० अंक जोडेपनि नेटरनरेटमा नेपालले युएईलाई पछि पार्‍यो । यसअघि युएई र थाइल्याण्ड भन्दा पछि रहेपछि छनोट हुन असफल रहेको युवा महिला टोलीले यस पटक भने विश्वकप पुगेर नेपाली क्रिकेटमा इतिहास रचेको हो । महिला क्रिकेटमा नेपालको कुनै पनि टोली विश्वकपमा छनोट भएको यो पहिलो पटक हो ।

एसिया छनोट जितेपछि नेपाल आगामी डिसेम्बरमा मलेसियामै हुने एसीसी यू-१९ महिला एसिया कपका लागि समेत छनोट भएको छ । जहाँ नेपालले समूह चरणमै भारत र पाकिस्तानसँग खेल्नुपर्नेछ। यू-१९ टी-२० विश्वकपमा नेपाल समूह 'डी' मा छ । जहाँ नेपालले अष्ट्रेलिया र बंगलादेशसहित युरोप छनोटको विजेता हुँदै छानिएको स्कटल्याण्डसँग खेल्नेछ। महिला क्रिकेटमा स्वर्णिम युगको सुरुवात भएको प्रशिक्षक महेश प्रसाद रिजालले बताए । टिमवर्कले नेपाल विश्वकप पुग्न सफल भएको कप्तान पुजा महतोले बताइन् । महिला क्रिकेट नयाँ उचाई चुम्ने पर्खाइमा थियो । यू१९ टोलीले त्यसलाई वास्तविकतामा परिणत गरेको राखेप सदस्य सचिव टंकलाल घिसिङले बताए । *स्रोतः अनलाइनखबर ।*

# राजेन्द्र मृत भेटिए

समाज संवाददाता

हेटौंडाः दोलखा जिल्लाको मेलुङ गाउँपालिका-१, जामुनेका २२ वर्षीय राजेन्द्र बुढाथोकी मृत भेटिएका छन् । तामाकोशी नदी किनार चैतेघाटमा एकादशी पुजाको डोरी तार्ने भनी मंगलबार तामाकोशी नदीमा पौडी खेल्ने क्रममा डुबेर बुढाथोकी बेपत्ता भएका थिए ।

घटनास्थलबाट १० किलोमिटर दक्षिण मेलुङ गाउँपालिका-१, भ्याकुरेस्थित तामाकोशी नदिको किनारमा बुढाथोकीको शव बुधबार फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । शव पोस्माटमका लागि चरिकोटस्थित पशुपति चौलागाई स्मृति अस्पताल पठाइएको छ ।

# ७ जना फरार प्रतिवादी पक्राउ

समाज संवाददाता

हेटौँडाः जिल्ला प्रहरी कार्यालय बाराले विभिन्न मुद्दाका फरार भएका ७ जनालाई पक्राउ गरेको छ। बारा जिल्ला अदालतले विभिन्न मितिमा फैसला कार्यान्वयन अन्तर्गत कैद तथा जरिवाना सजाय तोकिएर फरार प्रतिवादीहरुलाई बारा प्रहरीले बुधबार पक्राउ गरेको हो । उनीहरुलाई पक्राउ गरी आवश्यक कार्वाहीका लागि बारा जिल्ला अदालत पेश गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिनुभएको छ ।

पक्राउ पर्नेमा ५ जना चेक अनादर सम्बन्धी मुद्दाका छन् भने १ जना जबर्जस्ती करणी र १ जना झिटकैया वनको मुद्दाका प्रतिवादी रहेको प्रहरी नायव उपरीक्षक सापकोटाले जानकारी दिनुभएको छ। बारा प्रहरीले चेक अनादरसम्बन्धी मुद्दामा जीतपुर-सिमरा उपमहानगरपालिका-९ का पहलाद चौधरी, राधाराम दुसाध र सरिता चौधरी, जीतपुर-सीमरा उपमहानगरपालिका-७ का अतुल रायमाझी र कलैया उपमहानगर पालिका-१५, बकुलहरका अनसारुल हल अन्सारीलाई नियन्त्रणमा लिएको छ। यस्तै कलैया उपमहानगरपालिका-१६, उत्तर झिटकैया वनको मुद्दामा पन्नालाल मण्डल र जबर्जस्तीकरणीसम्बन्धी मुद्दामा जितपुर-सिमरा उपमहानगरपालिका-७ का करण सहनीलाई प्रहरीले पक्राउ गरेको हो ।

अदालतले सरिता चौधरीलाई चेक अनादर मुद्दामा ३ सय रुपैयाँ, पहलाद चौधरीलाई ५ सय रुपैयाँ, राधाराम दुसाधलाई ५ सय रुपैयाँ, अतुल रायमाझीलाई ५ सय रुपैयाँ र अनसारुल हल अन्सारीलाई १ हजार रुपैयाँ जरिवाना हुने फैसला अदालतले गरेको थियो । यस्तै झिटकैया वनको मुद्दामा पक्राउ परेका पन्नाल मण्डललाई १ वर्ष कैद र ५ हजार ७ सय ८९ रुपैयाँ जरिवानाको सजाय सुनाइएको थियो भने जबर्जस्तीकरणीको मुद्दामा करण सहनीलाई २ बर्ष कैद र ३० हजार रुपैयाँ जरिवानाको फैसला गरेको थियो ।

# वक्तृत्वकलामा चन्द्रोदयकी मोक्तान प्रथम

समाज संवाददाता

हेटौँडाः स्वर्गीय बुद्धरत्न शाक्य स्मृति खुल्ला वक्तृत्वकला प्रतियोगितामा हेटौँडा-८, स्थित चन्द्रोदय माध्यमिक विद्यालयकी सुप्रिया मोक्तान प्रथम हुनुभएको छ । जेसीआई हेटौँडा लेडीको जेसीज सप्ताह-२०२४ अन्तर्गत बिहीबार चन्द्रोदय माध्यमिक विद्यालयमा 'बालमैत्री शिक्षा आजको आवश्यकता' शीर्षकमा भएको खुल्ला वक्तृत्वकला प्रतियोगितामा हेटौँडा-४ स्थित ब्रह्मदिक् एकेडेमीकी प्रियान्सु पोखरेल द्वितीय हुनुहुँदा हेटौँडा-८ स्थित कमाने एकेडेमीकी प्रत्युशा थापा तृतीय हुनुभएको छ ।

प्रतियोगितामा १३ जनाको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई जेसीज सप्ताहको समापन कार्यक्रममा पुरस्कृत गरिने छ । उनीहरुले पुरस्कार स्वरुप क्रमशः ५, ३ र २ हजार रुपैयाँ र प्रमाणपत्र प्राप्त गर्नेछन्। जेसीआई हेटौँडा लेडीकी अध्यक्ष सजिता केसीको सभाध्यक्षमा तथा वडाध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यमा वक्तृत्वकला प्रतियोगिताको उद्घाटन समारोह भएको थियो । उद्घाटन कार्यक्रममा चन्द्रोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक जीधराज ढकालको पनि उपस्थिति रहेको थियो ।

# बिस्तारै स्कुटी चलाउने प्रतियोगितामा स्वेच्छा प्रथम

समाज संवाददाता

हेटौँडाः जेसीआई हेटौँडा लेडीको जेसी सप्ताह २०२४ को तेस्रो दिन बिहीबार बिस्तारै स्कुटी चलाउने प्रतियोगिता सम्पन्न भएको छ। हेटौँडा-४, शितलमहल चोकबाट हुप्रचौर उत्तरीगेटसम्म भएको बिस्तारै स्कुटी चलाउने प्रतियोगितामा स्वेच्छा राजथला प्रथम हुनुभएको छ ।

प्रतियोगितामा काजोल राजथला दोस्रो र जष्नु अधिकारी तेस्रो हुनुभएको जेसीआई हेटौँडा लेडीकी महासचिव इन्दिरा बानियाँले जानकारी दिनुभएको छ ।

प्रतियोगितामा १७ जनाको सहभागिता रहेको थियो । ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक केशव अधिकारीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

हेटौँडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ